# कुसुलेवु जनस्वास्थ अभियान नेपालको
## को
## कामदार तथा कर्मचारीको सेवा, शर्त नियमावली २०६९

**प्रस्तावना :**
कुसुदेवु जनस्वास्थ अभियान नेपालको कर्मचारीहरुको नियुक्ति, सेवाशर्त तथा सुविधाको व्यवस्था गर्न आवश्यक भएकोले कुसुदेवु जनस्वास्थ अधियान नेपालको विधानले दिएको अधिकार प्रयोग गरी यो नियमावली बनाई लागू गरिएको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

१.**संक्षिप्त नाम र प्रारम्भः**

**क. नियमावलीको नाम** : यस नियमावलीलाई कुसुदेवु जनस्वास्थ अभियान नेपालका कामदार,कर्मचारीहरुको सेवा शर्त सम्बन्धी नियम २०६९भनिने छ ।

**ख.** यो नियमावली कुसुदेवु जनस्वास्थ अभियान नेपालको साधारणसभाबाट पारित भएपश्चात् तुरुन्त लागू हुनेछ ।

**ग.** यो नियमावली संस्थाको कार्यालय भित्र वा संस्थाको कामको शिलसिलामा संस्थाले खटाएको स्थानमा रही काम गर्ने कर्मचारी तथा कामदारहरु उपर मात्र लागु हुनेछ ।

२.**परिभाषाः**

१. **विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियममा :**

क)“संस्था” भन्नाले कुसुदेवु जनस्वास्थ अभियान नेपाल सम्फनु पर्दछ ।

ख) “कार्य समिति” भन्नाले कुसुदेवु जनस्वास्थ अभियान नेपालको कार्य समितिलाई सम्फनुपर्दछ ।

ग) “नियमावली” भन्नाले कुसुदेवु जनस्वास्थ अभियान नेपालको कर्मचारी नियमावली २०६९ लाई जनाउनेछ ।

घ) “पदाधिकारी” भन्नाले कुसुदेवु जनस्वास्थ अभियान नेपालको कार्य समितिका क्रमशः अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्यहरुलाई जनाउनेछ ।

ङ) “कर्मचारी” भन्नाले कुसुदेवु जनस्वास्थ अभियान नेपालको दरबन्दीमा स्थायी नियुक्त भई संस्थाको सेवामा वहाल रहेका व्यक्तिहरुलाई सम्फनु पर्दछ

च) “कामदार” भन्नाले कुसुदेवु जनस्वास्थ अभियान नेपालमा काम गर्ने कर्मचारी बाहेकका व्यक्ति सम्फनुपर्दछ । सो शब्दले संस्थाको गाडी चलाउने ड्राइभर,संस्थामा पालो पवारा गर्ने वा पियनको रुपमा काम गर्ने कामदार समेतलाई जनाउदछ ।

छ) “तलब” भन्नाले कुसुदेवु जनस्वास्थ अभियान नेपालमा कार्यरत कर्मचारीहरुले पाउने मासिक पारिश्रमिकलाई जनाउनेछ ।

ज) “आर्थिक वर्ष” भन्नाले विक्रम संवतको हिसावले प्रत्येक वर्ष श्रावण १ गत्तेबाट शुरु भई अर्को सालको आषाढ मसान्तमा समाप्त हुने वर्षलाई सम्फनु पर्दछ ।

झ) “भत्ता” भन्नाले कुसुदेवु जनस्वास्थ अभियान नेपालमा कार्यरत कर्मचारीहरुलाई तलब बाहेक दिइने अन्य सुविधा रकमलाई जनाउनेछ । यस्तो भत्ताको दर बेलाबेलामा कुसुदेवु जनस्वास्थ अभियान नेपालको कार्य समितिले तोकिए बमोजिमको हुनेछ ।

ञ)“ तोकिएको” भन्नाले कुसुदेवु जनस्वास्थ अभियान नेपालको विधानले तोके बमोजिमको कुरालाई जनाउनेछ ।

३. यी नियमहरुको प्रयोग गर्दा बाधा अडचन परेमा वा गरिएको व्याख्याबाट कुनै व्यक्ति वा कामदार,कर्मचारीलाई मर्का परेमा सो को व्यहोरा कार्य समिति समक्ष पेश वा उजुर गर्न सकिने छ र कार्य समितिले पनि यस नियमको उद्देश्य प्रतिकुल नहुने गरी तथा नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० संग नबाझिने गरी गरिएको व्याख्या अन्तिम हुनेछ ।

## परिच्छेद २
## कर्मचारीको दरबन्दी, नियुक्ति तथा अवकाश

### ४. कर्मचारीको दरबन्दी

कुसुदेवु जनस्वास्थ अभियान नेपालमा कार्यलय प्रमुख लगायत अन्य कर्मचारीहरु रहनेछन् । कर्मचारीको दरबन्दी कार्य समितिले तोके बमोजिम हुनेछ ।

### ५. नियूक्ति

१) नियम ४ बमोजिमको कुनै पदमा कर्मचारी नियुक्त गर्नु परेमा त्यस्ता कर्मचारीले गर्नु पर्ने कामको प्रकृति र आवश्यक योग्यता खोली राष्ट्रियस्तरको पत्रिकामा विज्ञापन गर्नु पर्नेछ र लिखित, मौखिक तथा प्रयोगात्मकमध्ये कुनै वा सबै प्रकारका परीक्षा लिई योग्यातम उम्मेदावरको छनौट गरी निजको पद, निजले पाउने परिश्रमिक तथा सेवाशर्त करारमा उल्लेख गरी नियुक्ति पत्र दिई काममा लगाइनेछ ।उक्त करार गर्द अनुसुचि....मा उल्लेख गरिएको ढाँचा बमोजिमको हुनुपर्नेछ ।

२) कार्य समितिले यस संस्थाका कर्मचारीको नियुक्त प्रकिया पुर्‍याई गर्नेछन् ।

३) नियुक्ति दिदां यस संस्थाको अध्यक्षले हस्ताक्षर गरी करार तथा नियुक्ति पत्र दिनेछन् ।

४) नियुक्त भएको कर्मचारीलाई एक वर्षको अविछिन्न सेवा अवधि पुरा नगरेसम्म परीक्षण कालमा राखिने छ । परिक्षणकालको अवधिमा कार्यदक्षता, इमान्दारी, अनुशासन, कामप्रति लगनशीलता, रुजु हाजिरी आदि कुराको आधारमा निजको काम सन्तोषजनक पाइएमा स्थायी नियुक्ति गरिनेछ र सन्तोषजनक नपाइएमा निजलाई कामबाट हटाउन सकिनेछ ।

### ६. अल्पकालीन नियुक्ति

यस संस्थामा विशेष कारणबशं कामको चाप बढ्न गई थप कर्मचारी आवश्यक भएमा वा स्थायी प्रकृतिको कामबाहेक अरु कुनै निश्चित कामको निमित्त विशेषज्ञको सेवा आवश्यक परेमा निजले

गर्नु पर्ने काम, समयावधि, निजले पाउने पारिश्रमिक तथा सेवार्शत उल्लेख गरी यस संस्थाका अध्यक्षले करारमा आवश्यक कर्मचारी नियुक्ति गर्न सक्नेछ ।

**७.अनुपस्थित वा रिक्त पदको कर्मचारीको कामको जिम्मा**

कुनै कर्मचारीको पद रिक्त भई अर्को कर्मचारीको नियुक्ति नभईसकेको अवस्थामा वा केही समयको लागि कार्यालयमा हाजिर भई काम गर्न नसकेको अवस्थामा निजको काम हेर्नको लागि अध्यक्षले भइरहेको कर्मचारीमध्ये कसैलाई उक्त पदको काममा निमित्त तोक्ने सक्नेछ । निमित्त भई काम गर्नेले सो काम गरेबापत १ महिना भन्दा कम अवधिको लागि कुनै प्रकारको भत्ता पाउने छैन । १ महिना भन्दा बढी अवधि काम गर्नुपर्ने अवस्था परेमा यसरी काम गरेको पुरै अवधिको निमित्त भई काम गरेको पदको तलब र भत्ता पाउनेछ ।

**८.कर्मचारीहरुको काम, कर्तव्य र अधिकार**

कर्मचारीहरुले कुसुदेवु जनस्वास्थ अभियान नेपालको विधान, नियमावली तथा कुसुदेवु जनस्वास्थ अभियान नेपालको नीति, निर्देशनको अर्न्तगत रही नियुक्ति पाँउदा करारमा तोकिए बमोजिमको कामहरु गर्नेछन् ।

**९.कर्मचारीको अयोग्यता**

फौजदारी अभियोग प्रमाणित भएको, मानवअधिकार विरोधी कार्य गरेको, मानसिक सन्तुलन कायम नरहेको, शारीरिक रुपमा तोकिएको काम गर्न असक्षम एवं कुसुदेवु जनस्वास्थ अभियान नेपालको कार्य समितिले तोकेको योग्यता नपुगेका व्यक्तिहरु कुसुदेवु जनस्वास्थ अभियान नेपालको कुनै पनि पदमा नियुक्त हुन वा वहाल रहनका लागि अयोग्य ठहरिने छन् ।

## परिच्छेद ३
## पारिश्रमिक तथा अन्य सुविधाहरु

### १०.तलब

(क) यस संस्थामा कार्यरत कर्मचारीहरुको तलब पद र तहको आधारमा यस संस्थाको कार्य समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

(ख) कुसुदेवु जनस्वास्थ अभियान नेपालका सबै स्थायी कर्मचारीहरुले प्रत्येक आर्थिक वर्षमा १ महिनाको तलब बराबरको रकम चाडपर्व खर्च पाउनेछन् ।

### ११. बिदा

(१) कुसुदेवु जनस्वास्थ अभियान नेपालका कर्मचारीहरुले सार्वजनिक बिदा एक वर्षमा घरबिदा ३० दिन, बिरामीबिदा १२ दिन र भैपरी आउने बिदा ६ दिन पाउनेछन् । यसरी पाउने बिदामध्ये भैपरि आउने बाहेक अन्य बिदा संचित भएमा सो को तत्काल खाइपाई आएको तलब बराबरको रकम सोहि आर्थिक वर्षमा भुक्तानी दिइनेछ ।

(२) कर्मचार आफै किरिया बस्नु परेमा निजको कुल धर्म अनुसार बाटोको म्याद बाहेक १५ (पन्ध्र) दिनसम्म तलबी बिदा दिइनेछ ।

(३) गर्भवती महिला कर्मचारीले प्रसुतिको अघि र पछी गरी जम्मा ६० दिन सम्मको तलबी प्रसूति बिदा पाउने छ । पुरुष कर्मचारीका हकमा सुत्केरी स्याहार बापत् पन्ध दिनको तलबी बिदा पाउनेछ । पुरुष कर्मचारीका हकमा सुत्केरी स्याहार बापत् पन्ध दिनको तलबी बिदा पाउनेछ । यस्तो विदा सेवा अवधि भरमा २ पटक सम्म मात्र लिन पाउने छ ।

(४) पाँच वर्ष निरन्तर स्थायी सेवा गरेको कर्मचारलि सार्वजनिक बिदाका दिनमा काम गरेबापत अन्य कुनै दिनमा एक आर्थिक वर्षमा बाह्र दिन (महिनाको एक दिनका हिसाबले) सम्मको सट्टा बिदा लिन सक्नेछ ।

(५) भैपरि आउने बिदा आधा दिन पनि लिन पाइनेछ ।

(६) कर्मचारी तथा पदाधिकारीको विदा अध्यक्षले स्वीकृत गर्नेछन् ।

(७) बिदा अधिकारको कुरा नभई सहुलियत मात्र हो । विशेष परिस्थितिमा बाहेक पूर्वस्वीकृति बेगर बिदा बस्न पाइने छैन । विदा स्वीकृत गर्ने अधिकारीले यस संस्थाको कामको आवश्यकता अनुसार कारण जनाई अस्वीकृति गर्न, स्थगित गर्न, कट्टा गर्न वा स्वीकृत भएको बिदा पर सार्न सक्नेछ । बिदा स्वीकृति गर्ने अधिकारीबाट बिदा अस्वीकृति भएमा सोहि बिदा अन्य अधिकारी समक्ष माग गर्न पाइने छैन ।

परिच्छेद ४

## विमा सम्बन्धी व्यवस्था

**१२. विमाः** (१) यस संस्थाले कर्मचारीहरुको हित एवम संरक्षण तथा कल्याणको लागि कर्मचारी तथा पदाधिकारीहरुको विमा गर्नेछ ।

(२) उपनियम (१) बमोजिम गरिने विमा कुनै प्रतिष्ठित ईन्स्योरेन्स कम्पनी मार्फत गरिनेछ ।

(३) उपनियम (२) बमोजिम गरिने विमाले निम्न दुर्घटना घटेमा विमा वापतको रकम उपलब्ध गराउने छ :

(क) मृत्यु भएका,

(ख) अङ्गभङ्ग भएमा

(ग) स्थायी पूर्ण अशक्तता भएमा वा निको नहुने गरी दुवै आँखाको दृष्टि पूर्ण क्षति भएमा वा काने सुन्ने शक्ती पूर्णरुपमा क्षति भएमा

(घ) अस्थायी पूर्ण अशक्तता भएमा,

(४) उपनियम (१) बमोजिम गरिने विमाको शूल्क यसै संस्थाद्वारा भुक्तानी गरिनेछ ।

परिच्छेद ५

## खराब आचरण, सजाय र सजाय गर्ने अधिकार

**१३. खराब आचरण र सजाय**

खराब आचरण गर्ने कर्मचारीलाई देहाय बमोजिमको सजाय गर्न सक्नेछः

(१) **नसिहत दिनेः** देहाय बमोजिमको खराब आचरण गर्ने कर्मचारीलाई अध्यक्षले नसिहत दिन सक्नेछ :

(क) कुसुदेवु जनस्वास्थ अभियान नेपालको विधान, नियमावली वा सो अन्तर्गत जारी गरिएका निर्देशनहरुको जानीजानी उल्लघंन गरेमा,

(ख) तोकिएको जिम्मेवारीमा लापरवाही गरेमा वा त्यस्तो जिम्मेवारी पूरा नगरे वा सम्बद्ध पदाधिकारीले दिएको निर्देशनहरुको अवहेलना गरेमा,

(ग) स्वीकृति नलिई बराबर काममा गैरहाजिर भएमा वा हाजिर हुनु पर्ने समय नाघी हाजिर हुने गरेमा,

(घ) यस संस्थाको सम्पत्ति दुरुपयोग गरेमा, र

(ङ) आगन्तुक वा सहकर्मीसँग दुव्यवहार गरेमा ।

(२) **निलम्बन गर्नेः**देहाय बमोजिमको खराब आचरण गर्ने कर्मचारीलाई सम्बन्धित अधिकारीले बढीमा तीन महिना सम्म निलम्बन्न गर्न सक्नेछ :

(क)कार्य समयमा अरुलाई असर पर्ने गरी मादक पदार्थ सेवन गरी आएमा,

(ख) यस संस्थाको सम्पत्ति जानाजानी तोडफोड गरेमा वा त्यसलाई क्षति पुऱ्याएमा वा अख्तियार प्राप्त व्यक्तिको स्वीकृति बिना कार्यालय बाहिर लगी प्रयोग गरेमा वा अनाधिकृत व्यक्तिलाई प्रयोग गर्न दिएमा,

(ग) यस संस्थाको गोप्यता भङ्ग हुने कार्य गरेमा, र

(घ) यस संस्थाको निर्वाचनमा कुनै उम्मेदवारको पक्ष विपक्षमा प्रत्यक्ष रुपमा प्रचार प्रसार गरी हिँडेमा ।

(३) **सेवाबाट हटाउने :**

(क) यस संस्थाको सम्पत्ती जानीजानी हिनामिना गरेमा,

(ख) यस संस्थाको सम्पत्ती चोरी गरेमा,

(ग) कार्यालय हाता भित्र हुल हुज्जत गर्ने वा सहकर्मी, आगन्तुक तथा अन्य कुनै व्यक्तिहरु माथि हात पात गरेमा,

(घ) बिदा स्वकिृति नगराई वा बिदा बसेको सूचना नदिई कुनै कर्मचारी लगातार ३० दिन भन्दा बढी समय सचिवालयमा हाजिर नभई गयल भएमा,

तर बिदा स्वीकृत गराउन नपाउँदै बिदा बस्नु पर्ने अपर्झट कारण परी बिदा बसेर पछि त्यस्तो अवधिको बिदा स्वीकृत भएमा यस नियमको उल्लघंन भएको मानिने छैन ।

(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा दोषी प्रमाणित भएमा,

(च) कुसुदेवु स्वास्थ अभियान नेपालको विधान विपरीतको कार्य गरेमा,

(छ) दुई पटकसम्म नसिहत पाइसकेर वा निलम्बन भइसकेर पुनः तेस्रो पटक पनि नसिहत पाउन सक्ने वा निलम्बन हुन सक्ने कुनै कार्य गरेमा,

*स्पष्टीकरणः* एक पटक नसीहत पाएको तीन वर्ष व्यतीत भइसकेपछि सो बापत पाएको सजायलाई गणना गरिने छैन तर निलम्बा गरिएको अवधि भने जति सुके समय पछि पनि गणना गरिनेछ ।

**१४. छानबीनका लागि निलम्बन गर्न सकिने**

कुनै कर्मचारीलाई तत्काल निलम्बन नगरे निजले आफू विरुद्धको प्रमाण लोप गर्न सक्छ कुसुदेवु जनस्वास्थ अभियान नेपाललाई थप क्षति पुऱ्याउन सक्छ भन्ने लागेमा सजाय गर्ने अधिकारीले निजलाई तुरुन्त निलम्बन गर्न सक्नेछ ।

**१५. निलम्बन अवधिको तलब वा पारिश्रमिक**

१) निलम्बन गरिएको व्यक्तिलाई सामान्यतया निलम्बन अवधिको तलब वा पारिश्रमिक उपलब्ध गराइने छैन । तर छानबिनको लागि गरिएको व्यक्तिले पछि सफाइ पाएमा निजलाई अवधिको पारिश्रमकि उपलब्ध गराइनेछ ।

२) छानबिनको लागि निलम्बन गरिएकोमा त्यस्तो निलम्बनलाई सजायको रुपमा गणना गरिने छैन ।

**१६. सजाय गर्ने कार्यविधि**

१) स्थायी कर्मचारीलाई कुनै सजाय गर्नु अघि खराब आचरण गरेको तथ्य र सो प्रमाणित भएमा हुन सक्ने सजाय समेत स्पष्ट उल्लेख गरी आफ्नो स्पष्टिकरण पेश गर्न कम्तीमा सात दिनको म्याद दिइने छ । तर कुनै खराब आचरण गरेको कुरा प्रकाशमा आएको २ महिना नाघिसकेपछि सो सम्बन्धमा कुनै कारवाही गरिने छैन ।

२) उपनियम (१) बमोजिमको म्याद भित्र सम्बन्धित कर्मचारीले स्पष्टीकरण पेश नगरेमा वा पेश गरेको स्पष्टीकरण सन्तोषजनक नभएमा निजलाई स्पष्टिकरण माग गरिएको २ महिना भित्र तोकिएको सजाय गर्न सकिनेछ ।

३) उपनियम (१) अर्न्तगतको म्याद सम्बन्धित कर्मचारीले बुझी नलिएमा वा निज गैर हाजिर भएमा निजको नाँउमा म्याद निजको ठेगानामा हुलाकबाट रजिष्टर गरि पठाई सो को प्रतिलिपि सचिवालयको सूचना पाटीमा टाँसी कम्तीमा तीन जना व्यक्तिलाई साक्षी राखी त्यस्तो टाँसेको मुचुल्का खडा गरि राखेमा सो म्यादको जानकारी निज कर्मचारीलाई भएको मानिने छ । निज कर्मचारी जुन सुकै स्थानमा रहेको भए पनि निजले जागिर खाँदाको अवस्थामा दिएको स्थायी ठेगाना वा त्यसमा कुनै संशोधन गराएमो भए सो ठेगानालाई नै निजको वास्तविक ठेगाना मानिनेछ ।

**१७.उजुरी**

यस नियमावली बमोजिम सजाय पाएका कर्मचारीले सम्बन्धित अधिकारीको निर्णय उपर चित्त नबुझेमा सप्रमाण कुसुदेवु जनस्वास्थ अभियान नेपालको कार्यालयमा उजुरी गर्न सक्नेछन् । यसरी उजुरी परेमा कुसुदेवु जनस्वास्थ अभियान नेपालबाट हुने निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद ६
## विविध

**१८. नियमावली संशोधन**

१) यो नियमावली कुसुदेवु जनस्वास्थ अभियान नेपालले संशोधन गरी साधारणसभाबाट अनुमादन भएमा संशोधन निर्णयनुसार हुनेछ ।

२) यो नियमावलीमा नपरेका विषयहरुको हकमा कुसुदेवु जनस्वास्थ अभियान नेपालको कार्यसमितिको निर्णयनुसार हुनेछ ।

**१९. खारेजी र बचाउः**

यो नियमावली लागू हुनु अगाडिका कर्मचारी प्रशासन सम्बन्धी काम कारवाहीहरु यसै नियमावली अनुसार भए गरेको मानिनेछ ।

## अनुसुचि १

लिखितम हामी करारका दुइ पक्षहरू मध्ये श्री जिल्ला प्रशाशन कार्यालय काठमाण्डौमा मिति २०६३/६/८ मा रजिष्ट्रेशन नं. ३३४/०६३/०६४ प्राप्त गरी दर्ता प्रमाणित रहेको कुसुदेव जनस्वास्थ्य अभियान नेपालका तर्फबाट सोका अख्तियार प्राप्त अध्यक्ष श्री आङ्ग छिरिङ्ग शेर्पा (जसलाई यस करारनामा प्रथम पक्ष भनि सम्बोधन गरिनेछ) जस्ले निज पछि बनाउनेछ। .................................. छोरा स्व. ......................को नाती .................... जिल्ला ....................... बस्ने वर्ष ......को ......................... जसलाई यस करारनामामा दोस्रो पक्ष भनि सम्बोधन गरिनेछ। यसरी हामी दुई पक्षहरू बीच प्रथम पक्ष संस्थाको तर्फबाट सोलुखुम्बु जिल्ला बेनि गा.वि.स. वडा नं. ५ ईदिङ्गमा स्थित बेनि स्वास्थ्य चौकीमा सहकार्य गरी स्वास्थ्य सेवा पुऱ्याइदै आएकोमा दोस्रो पक्षबाट ............................ पदमा कार्यरत रहन मञ्जुर गरेकोमा करार ऐन २०५६ बमोजिम तपसिलका शर्त बन्देजहरूलाई अक्षरस पालना गर्ने गरी यो सेवा सम्बन्धि करारनामा साक्षीहरूको रोहवरमा खडा गरी सहि छाप गरी एक-एक प्रति लियौं दियौं।

<u>**तपसिल**</u>

१) प्रथम पक्षबाट उल्लेखित स्थानमा...........वर्ष भाषा अवधिको लागि मासिक पारीक्षमीक रू. .................................................मा ......................... पदमा कार्य गर्न दोस्रो पक्ष मञ्जुर छ।

२) दोस्रो पक्ष माथि दफा १ बमोजिम कार्यरत रहँदा स्वास्थ्य चौकी व्यवस्थापन कमिटि, संस्थाको कार्य समिति तथा स्वास्थ्य चौकीमा कार्यरत अन्य स्वास्थ्य कर्मीहरूको मातहत र निर्देशनमा रही कार्य सन्तोषजनक ढङ्गले गर्नेछ।

३) कार्य अवधिमा खाना तथा नास्ताको प्रबन्ध दोस्रो पक्ष (आफैले) गर्नुपर्दछ र सुत्ने व्यवस्थाको प्रबन्ध प्रथम पक्षबाट निःशुल्क उपलब्ध गराईनेछ। सो का अतिरिक्त सम्झौता अवधि भर जम्मा २ पटक काठमाण्डौ फाप्लु आवत जावतको लागि हवाई टिकट प्रथम पक्षबाट निःशुल्क उपलब्ध गराईनेछ।

४) १महिनाको तलब बराबर दशै खर्च प्रथम पक्षबाट उपलब्ध गराईनेछ।

५) सेवाको प्रकृत्ति अनुसार दोश्रो पक्ष हरेक समय सेवा दिन तत्पर रहनेछ। कथंम कदाचित दोस्रो पक्षको अज्ञानता वा लापरवाहीले बिरामीको गलत जाँच भई बिरामीलाई हानी नोक्सानी हुन गएमा सोको भागीदार दोस्रो पक्ष आफै हुनेछ।

६) मासिक पारीश्रमीक भुक्तानी गर्दा दोस्रो पक्षको बैङ्क खाता वा निजले इच्छाईदिएको जुन कुनै पनि व्यक्तिलाई भरपाई गरी भुक्तान गर्न सकिनेछ। र भुक्तानी मानिनेछ।

७) कथमकदाचित एक वर्ष भाषा अवधि नपुग्दै दोस्रो पक्षले सेवा अन्त्य गरेमा आफुले लिए खाएको कुल जम्मा तलब तथा सुविधाको दोब्बर क्षतिपूर्ति प्रथम पक्षलाई बुझाउनुपर्नेछ।

८) सम्झौता अवधिभर कुनै पनि किसिमका थप सुविधा तथा तलब वृद्धि माग गर्न सक्ने छैन। दोश्रो पक्षको काम कारवाही प्रथम पक्षलाई चित्त नबुझेमा जुनसुकै बेला पनि करार रद्ध गर्न सकिनेछ।

९) प्रस्तुत सम्झौता देखि लागु हुनेछ। व्यहोरा ठिक साँचो छ। झुठ्ठा फरक ठहरे सहुँला बुझाउँला।

प्रस्तुत पाना १ को सेवा सम्बन्धी करार मैले लेखेको हो भनि सहि गर्ने अधिवक्ता ......................

| प्रथम पक्ष | साक्षी | दोस्रो पक्ष |
|---|---|---|
| कुसुदेव जनस्वास्थ्य अभियान | १. | |
| नेपालका तर्फबाट सोका अध्यक्ष | २. | |
| आङ्ग छिरिङ्ग शेर्पा | | |

इतिसम्वत २०६   साल   महिना   गते रोज   शुभम्...............................।